# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर,नुवाकोट
२०७३

शालिकराम फुयाल
शाखा अधिकृत

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना
प्रकाशित मिति: २०७५/०९/०४

यस बेलकोटगढी नगरपालिकाका लागि तपसील बमोजिमका पदमा २०७६ असाढ मसान्त सम्मका लागि कर्मचारी सेवा करारमा नियुक्ति गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले मिति २०७५/९/१८ गते (१५ दिन) भित्र व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी बेलकोटगढी नगरपालिकाको कार्यालयमा हुलाक मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | विज्ञापन नं. | पद | संख्या | सेवा/समूह/ उप-समूह | श्रेणी | योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७५/७६ | सव इन्जिनियर | ५ जना (वडा कार्यालयको लागि समेत) | इन्जिनियरिङ सिभिल | रा.प.अनं. प्रथम | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको | ५००/- |
| २ | २/०७५/७६ | नायब प्राविधिक सहायक (जेटिए) | ४ जना | कृषि | रा.प.अनं. द्वि | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC उत्तीर्ण गरि न्युनतम एक वर्षीय जेटिए (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई TSLC उत्तीर्ण | ३००/- |
| ३. | ३/०७५/७६ | नायब पशु स्वास्थ्य प्राविधिक | ३ जना | कृषि , भेटेनरी | रा.प.अनं. द्वि | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC उत्तीर्ण गरि न्युनतम एक वर्षीय जेटिए (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य ) तालिम प्राप्त वा कृषि (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) TSLC उत्तीर्ण | ३००/ |
| ४ | ४/०७५/७६ | अ.न.मी | ३ जना | स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ | चौथो तह | मान्यता प्राप्त संस्थाबाट अ.न.मि कोर्ष उत्तीर्ण | ३००/ |
| ५. | ५/०७५/७६ | अमिन | १ जना | इन्जिनियरिङ, | रा.प.अनं. द्वि | मान्यता प्राप्त शिक्षण | ३००/ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट २०७३ | | | सर्भे | | संस्थाबाट गणित विषय लिई SLC वा सो सरह उत्तिर्ण गरि सर्भे वा जिओमेटीक्स विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त गरेको | |
| ६ | ६/०७५/७६ | सहायक कम्प्युटर अपरेटर | १ जना | विविध | रा.प.अनं. द्रि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई SLC वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी रजिस्टर संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको | ३००/ |
| ७ | ७/०७५/७६ | मालि | १ जना | | विहिन | साधारण लेखपढ | २००/ |
| ८ | ८/०७५/७६ | कार्यालय सहयोगी | २ जना | | विहिन | साधारण लेखपढ | २००/ |
| ९ | ९/०७५/७६ | अहेब | १ जना | स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन | सहायक चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट अहेब वा CMA उत्तीर्ण | ३००/ |
| १० | १०/०७५/७६ | ल्याब असिस्टेन्ट | १ जना | स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्निसियन | | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC उत्तीर्ण गरी ल्याब असिस्टेन्टको १ बर्षको कोर्ष उत्तीर्ण गरेको | ३००/ |

**तलब स्केल**: सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।
**उमेरको हद**: १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको
**दरखास्त फाराम**: "बेलकोटगढी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" अनुसूची- ३ बमोजिमको ढाँचाको फाराममा भरी बुझाउनु पर्नेछ। सो फाराम बेलकोटगढी नगरपालिकाको website www.belkotgadhimun.gov.np बाट डाउनलोड गर्न सक्नु हुनेछ।
**परीक्षाको किसिम**: सि.नं. ७ र ८ को हकमा अन्तर्वार्ता र अन्यको हकमा दरखास्त दिने उम्मेदवार ३ भन्दा बढी भएमा लिखित (वस्तुगत) तथा अन्तर्वार्ता परिक्षा संचालन हुनेछ। परीक्षा हुने मिति पछि प्रकाशन गरिनेछ।
**दरखास्त पेश गर्ने स्थान**: बेलकोटगढी नगर कार्यपालिकाको कार्यालय, बाघखोर, नुवाकोट।
दरखास्त दिने तरिका: तोकिएको कागजातहरु स्वयं प्रमाणित गरि र तोकिएको दस्तुर शुल्क बेलकोटगढी नगरपालिकाको कार्यालय बाट नगदी रसिद काटी, रसिद दरखास्त फाराममा संलग्न राखी हुलाक वा स्वयं उपस्थित भई आवेदन दिन सकिने छ। हुलाक मार्फत पठाइएको दरखास्त फाराम सूचनाको अन्तिम मिति सम्म कार्यालय समयमा कर्यलयमा दर्ता भई सक्नुपर्नेछ। म्याद नाघेर रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

- कार्यालय सहयोगी र मालि बाहेक अन्य पदको हकमा नेपाली र अंग्रेजी दुवै भाषामा कम्प्युटर चलाउन जान्ने हुनु पर्नेछ।
- प्रस्तुत विज्ञापन कार्यालयले आवश्यकता अनुमार स्थगित वा रद्द गर्न सक्ने छ। विज्ञापन रद्द गरिएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर रसिद पेश भएपछी फिर्ता गरिनेछ।

- प्रस्तुत विज्ञापन बाट करार सेवामा लिएका कर्मचारीहरु नेपाल सरकारबाट समायोजन भई आएमा व नेपाल सरकारबाट जुन सुकै तरिकाबाट स्थायी पदपूर्ति भएमा स्वत अवकास हुनेछ ।

सूचनामा उल्लेख नभएको अन्य थप कुराहरु जानकारीको लागि बेलकोटगढी नगर कार्यपलिकको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

सम्पर्क नं.: ९८५१२५३०२२, ९८४१८२७७८३

शालिकराम फुयाल
शाखा अधिकृत

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
२०७३